राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# द पब्लिक टुडे
The Public Today
National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३७ | २०८२ माघ १७ गते शनिवार | (Saturday, 31 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# सबैभन्दा ठुलो मधेसवादी पार्टी नै कांग्रेस हो : गगन थापा



**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ १६ गते ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेपालको सबैभन्दा ठुलो मधेसवादी पार्टी नै कांग्रेस भएको दाबी गरेका छन् । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै उनले मधेसको विकास र अधिकारका लागि कांग्रेस नै मुख्य शक्ति रहेको जिकिर गरे ।

सभापति थापाले कोही नयाँ पार्टी वा मधेसवादी दलमा भोट हाल्ने सोचमा भए उनीहरूलाई अहिलेको कांग्रेस 'नयाँ कांग्रेस' भएको बुझाउन कार्यकर्तालाई निर्देशन दिए ।

उनले भने, 'यदि कसैले मधेसवादीलाई भोट हाल्छु भन्छ भने आजको दिनमा नेपालको सबैभन्दा ठुलो मधेसवादी पार्टी नै नेपाली कांग्रेस हो भनेर भन्न सक्नुपर्छ ।' उनले चुनावमा राष्ट्रिय र स्थानीय मुद्दा भए पनि कांग्रेस समग्र मधेसको विकासको दृष्टिकोण लिएर जनतामाझ आएको बताए ।

धनुषा क्षेत्र नम्बर ४ का उम्मेदवार महेन्द्र यादवको प्रशंसा गर्दै थापाले उनी मधेसको मुद्दामा निडर भएर बोल्ने नेता भएको बताए । विद्यार्थी राजनीतिदेखि नै सँगै काम गरेको स्मरण गर्दै थापाले पार्टीभित्रका छलफलमा फरक मत रहे पनि मधेसको विकास र मुद्दामा यादवले कहिल्यै सम्झौता नगरेको र कुनै नेताको मुख नहेरी आफ्नो कुरा राख्ने गरेको प्रस्ट पारे ।

उनले महेन्द्र यादवले मधेसको असल प्रतिनिधित्व गर्ने विश्वास व्यक्त गरे ।

थापाले यो पटकको कांग्रेस फरक सोच र शैलीका साथ आएको भन्दै पार्टीभित्र कुनै गुटबन्दी नरहेको दाबी गरे । उनले पार्टीभित्र अब गुट नरहेको भन्दै कुनै पनि बहानामा उम्मेदवारलाई असहयोग नगर्न कार्यकर्तालाई सचेत गराए । रुख चिन्ह लिएर उम्मेदवार बनेपछि व्यक्तिगत असन्तुष्टि बिर्सेर एक ढिक्का हुन उनले आग्रह गरे । कसैले अन्तरघात वा असहयोग गरेको सुन्न नपरोस् भन्दै उनले सबै उम्मेदवारलाई समान व्यवहार गर्नुपर्नेमा जोड दिए ।

देशलाई अहिले ध्वंस गर्ने नभई सम्हाल्ने शक्तिको खाँचो रहेको भन्दै थापाले त्यो क्षमता कांग्रेससँग मात्र भएको बताए । उनले कांग्रेसले देशलाई सम्हाल्ने र व्यवस्थालाई सुधार्ने काम एकसाथ गर्ने जिकिर गरे । कांग्रेसको एकमना सरकार बनाउनका लागि धनुषाका सबै क्षेत्रबाट कांग्रेसले जित्नुपर्नेमा उनले जोड दिए ।

उनले महेन्द्र यादवसहित विमलेन्द्र निधि, रामकृष्ण यादव, दिनेश साह लगायतका उम्मेदवारलाई जिताएर पठाउन मतदातासमक्ष अपिल गरे ।

# घरबाटै बेपत्ता महिला मृत भेटिए, हत्याको आशंका



**रामबाबु यादव**
**गौशाला, माघ १६ गते ।**
महोत्तरीमा दुई दिनअघि घरबाटै बेपत्ता भएकी एक वृद्धा महिला मृत अवस्थामा फेला परेकी छन् । गौशाला नगरपालिका-१ रामनगरकी ७३ वर्षीया रासोदेवी यादवको शव निवस्त्र अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

रासो १४ माघ राति घरमै सुतिरहेको अवस्थामा बेपत्ता भएको उनका छोरा हरि यादवले जानकारी दिए ।


परिवार र स्थानीयले खोजतलास गर्ने क्रममा घर अगाडिकै उखु बारीमा उनको शव फेला परेको प्रहरीले जनाएको छ ।

शवको अवस्था र घटनास्थलको प्रकृति हेर्दा हत्याको आशंका गरिएको छ । प्रहरीले घटनास्थलमा प्रशिक्षित कुकुर ल्याएर घटनाको सुक्ष्म अनुसन्धान थालेको प्रहरीले जनाएको छ ।

यद्यपि घटनाको वास्तविक कारण भने हालसम्म खुल्न सकेको छैन । प्रहरीले शवको मुचुल्का प्रक्रिया पूरा गरेर पोस्टमार्टमका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल पठाइएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# सिरहामा गोली हानी एक जनाको हत्या



**सिरहा, माघ १६ गते ।**
सिरहामा गोली हानी एक जनाको हत्या भएको छ । सिरहा नगरपालिका-१ का ४५ वर्षीय प्रेमनाथ यादवमाथि अज्ञात व्यक्तिले गोली चलाएका हुन् । स्थानीयका अनुसार यादव वडा नम्बर ७ स्थित मैनाबत्ती खोला किनार छेउको आफ्नै खेतमा ट्र्याक्टरले जोतिरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली प्रहार गरेका थिए ।

यादवको घटनास्थलमै मृत्यु भएको हो । घटनाबारे जानकारी दिँदै वडा अध्यक्ष महेश कुमार यादवले खेत जोत्न गएका बेला उनीमाथि गोली प्रहार गरी हत्या गरिएको खबर प्राप्त भएको बताए ।

'मैले पनि कसैले गोली दागेर हत्या गरेको भन्ने कुरा सुनेको छु । घटनाबारे थप बुझ्दै छु । अस्पतालतर्फ जाँदै छु' उनले भने । यता जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालले पनि प्रारम्भिक रूपमा घटनास्थलको अवस्था हेर्दा गोली हानी हत्या गरिएको देखिएको जानकारी दिए । तर कसले र किन गोली हानेको हो भन्ने विषयमा हालसम्म केही खुल्न नसकेको उनले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।

# 'नेकपा एक नम्बर पार्टी बन्ने सम्भावना छ'

**काठमाडौँ :** नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले फागुन २१ को निर्वाचनपछि आफूहरूको पार्टी पहिलो बन्न सक्ने सम्भावना रहेको बताएका छन् । शुक्रबार रुकुम पूर्व-काठमाडौँ सम्पर्क समन्वय समितिद्वारा आयोजित कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । स्वच्छ,निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भए नेकपा पहिलो पार्टी बन्ने सम्भावना रहेको बताएका हुन् । संयोजक प्रचण्डले देश आफूहरूले भनेतिरै गइरहेको र निर्वाचनको माहोलमा देश गइसकेको भएपनि एकथरी मानिस अनेक बहानामा निर्वाचन हुँदैन भन्ने गरेको र अर्को थरीले निर्वाचनलाई क्याप्चर नै गर्न खोजिरहेको पनि बताए ।

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।

योग गरौं: स्वास्थ्य बनौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कविता

# किसानको महत्व

***



**प्रियतम कुमार यादव**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

बन्न चाहन्छ मान्छे धनी
तर बन्न चाँहदैनन् किसान
धनले हामी पाउँन सक्छौं आराम
तर दिन सक्दैन बाँच्ने आहारा।

बाँच्न चाहिदैन सामाजिक सञ्जाल
तर चाहिन्छ पोसिलो आहारा
जो मात्र सक्छ उब्जाउन किसान
पैसाको लागि किन बदल्छौ काम?

हर दिन किसान परिश्रम गर्छन्
बाँकी सबै आफ्नो स्वार्थमा रहन्छन्
हाम्रो देशको शान हो किसान
सहयोग गर्ने चलाऊँ अभियान।

## कविता

# शुभ शुभ

***



**नारदप्रसाद काफ्ले**
अध्यक्ष, सिस्नुपानी नेपाल
महोत्तरी

शुभ शुभ शुभ के हो ; शुभमै छ शुभ हेर
शुभ शुभ काम शुभ शुभ लेखौं धेर धेर
शुभ भन्छन् अशल त्यो त ठम्याउनु पर्छ होला
शुभ शुभ अझै शुभ शुभलेनै भर्छ झोला।१

शुभको बेला त्यो हो शुभ शुभ बोली फुर्छ
शुभ सन्देश शुभ शुभ शुभ कर्म त्यहाँ जुर्छ
शुभले त शुभै गर्दा शुभै हुन्छ शुभै छर्दा
शुभ शुभ शुभ भन्छन् शुभै शुभ काम गर्दा ।२

शुभको त्यो शुभ स्वाद शुभ सम्मान शुभ कार्य
शुभ शुभ सारा शुभ शुभनै हो अनिवार्य
शुभ शुभ भन्नुपर्छ शुभ शुभ गन्नुपर्छ
शुभ शुभ दिनरात शुभ शुभै बन्नुपर्छ।३

शुभकोनै भजन गाउँ शुभनै हो त्यसको नाउँ
शुभ शुभ साँझबिहान शुभ भन्छन् ठाऊठाऊ
शुभनै त्यो हुनुपर्छ शुभनै त्यो धुनुपर्छ
शुभ शुभ शुभ शुभ  शुभनै त्यो गुन्नुपर्छ।४

आफू भन्छु शुभ शुभ भन्नलाउँछु शुभ शुभ
एक एक गरी गरी गन्नलाउँछु शुभ शुभ
शुभ शुभ शुभ शुभ सारा जगत् शुभ शुभ
शुभ हुन्छ शुभ शुभ शुभै फगत शुभ शुभ।५

## कविता

# चारु

***



**सीता शर्मा पन्थी**
वीरगन्ज

दुबै हात जोडी सधैं बिन्ति मातालाई गर्छौं
ज्ञान -बुद्धि सही लगाई ध्यान मातामै धर्छौं

स्कुल,कलेज,पाठशाला ज्ञानका मन्दिर हुन्
अनुशासन सिक्दै जीवनमा अगि सर्छौं

हुन दिने छैन अन्याय ,अत्यचार समाजमा
सही-गलतको आवाज समाजमा नित्य छर्छौं

समाजका ऐना हामी ,सद्भाव छर्नुपर्छ
भाषा-साहित्यका अनुरागी हामी पनि पर्छौं

यस्तो राम्रो संसारमा मानवजन्म पाउँदा
केही राम्रो काम गरी देशकैलागि  मर्छौं

## कविता

# सहादतको मूल्य

***



**प्रेम घिमिरे**
अग्निकवच

कुनै एउटा तस्बिरमा माला उनेर,
अथवा सालिकमा शिर झुकाएर मात्र पुग्दैन,
भुल्नु हुँदैन–
सहादत भनेको रगतको खोलो मात्र होइन,
यो त युगौंसम्म बल्ने चेतनाको मसाल हो !
जब-जब यो धर्तीमा अधर्मको आँधी चल्छ,
जब-जब शासकको अहंकारले सीमा नाघ्छ,
तब एउटा कृष्णलाल जन्मिन्छ–
जसले 'मकैको खेती' भित्र विद्रोहको बीउ रोप्छ,
र जेलको कालकोठरीबाट भन्छ–
"लेखकको कलम झुक्नु भनेको देशको शिर झुक्नु हो !"
सहादतको मूल्य सोध ती चार तारालाई–
जसले टेकेको खरीको रुख र सिचाईं गरेको रगतले
आज हामीले स्वतन्त्रताको फल खाइरहेछौं,
सोध ती कृष्णसेन 'इच्छुक' का कलिला औंलाहरूलाई–
जसलाई टुक्रा-टुक्रा पारियो,
तर जसले लेख्न कहिल्यै छोडेन–
"मलाई मार्न सकिन्छ, मेरो विचारलाई मार्न सकिँदैन !"
ए साहित्यकारहरू ! ए समाजका पहरेदारहरू !
सहादतको मूल्य कुनै पद वा पैसामा हुँदैन,
यसको मूल्य त–
अन्याय देख्दा रातो हुने तिम्रो आँखामा हुन्छ,
भ्रष्टाचार देख्दा काँप्ने तिम्रो कलममा हुन्छ,
र भोका नाङ्गाका पक्षमा उभिने तिम्रो कदमा हुन्छ ।
याद राख–
यदि तिम्रो अक्षरले सहिदको सपना बोल्दैन भने,
यदि तिम्रो शब्दले गरिबको आँसु पुछ्दैन भने,
तिमीले गरेको सिर्जना केवल मसीको बर्बादी हो,
सहिदको रगतको अपमान हो !
उठ ! अब एउटा यस्तो महाकाव्य लेखौं–
जहाँ सहिदका सपनाले पूर्णता पाऊन्,
जहाँ रगतको मूल्यले न्यायको घाम झुल्काओस्,
किनकि सहादतको वास्तविक मूल्य–
बदलिएको व्यवस्थामा होइन, बदलिएको अवस्थामा हुन्छ !

## कविता

# वर्तमान नेपाल

***



**सिम्रन कर्ण**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

नेपाल आज पुल बिचमा उभिएको छ
एक छेउ इतिहास र अर्को छेउ भविष्यको आशा छ
जुन सडकमा धुलो नाचिरहन्छ
त्यहींबाट विकासको भाषाण दिइरहन्छ।

कागजमा योजना लेखिन्छ चम्किला
यथार्थमा हुन्छ धैर्यको परीक्षा
छन् सपना युवाका आँखामा
अवसर नहुँदा जानुपर्ने विदेशमा।

किसान आकाश हेरिन्छ
सरकारले भाका फेरि रहन्छ
सहर जान मानिस हतारिएको छ
गाउँबस्ती मान्छेको पर्खाइमा छन्।

नेतामा राजनीति चलिरहेको छ
जनतामा अविश्वास बढिरहेको छ
तर पनि वर्तमान हार नमानौं
यहींबाट नेपालीको सुनौलो भविष्य लेखौं ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६**
thepublictoday2070@gmail.com

## कविता

# सहिद ! कसरी श्वास फेरौं?

***



**भीमकुमार राउत**
बर्दिबास

शहीद तिमी,
झुपडीलाई महल बनाउन,
श्रमिकनाई सिहदरबार पुर्‍याउन,
अपहेलितलाई सम्मान दिन,'
अनागरिकलाई नागरिक तुल्याउन,
आफ्ना व्यक्तिगत आकांक्षा
परिवारिक स्वार्थ ,
निजी  चाहनाहरु त्यागेर
इन्कलाबको नारा घन्काउँदै
बहादुरीका साथ लड्दालड्दै
रणभूमिमा ढल्यौ,
तिम्रो रगतले धर्ती रङ्गीयो
माटो भिज्यो,
तिम्रै रगतले ल्याएको लोकतान्त्रिक गणतन्त्रमा
सपना सजाए सबैले आ-आफ्नै,
कसैले आफ्नो सपना रोजे
कसैले मुलुक बनाउने मार्ग खोजे ,
तिमीले ल्याएको व्यवस्थामा,
आफ्नो मात्र सम्पन्नता खोज्नेले
मुलुकको नाम लिएर
राष्ट्रियताको नारा दिएर,
सत्ताको तर मारेर,
मुलुक पर र आफ्नो भाग वर सारेर
राष्ट्रको दोहन गरे
तर
मुट्ठी कसेर मुलुक बनाउन हिँडेकाहरू
स्वतन्त्रताका लागि लडेकाहरू
स्वाधिनताका लागि लडेकाहरू,
स्वाभिमान उचाल्न हिँडेकाहरु
आज एक्लिदै, गएको कमजोर बन्दै गएको
कसरी हेरौ?
तिमीले प्राण भरेर गएकोमुलुक
निस्सासिर छट्पटाउँदा
स्वच्छन्द भै म श्वास कसरी फेरौं
*******
आज केही छिचिमिराहरू
घरको धुरीखाँबो मक्काउँदै छन्,
सम्पन्न अभिजात्यको मात्र सत्ता हो भन्दै
चप्पल पड्काउने,
मकै पोलेर जीवन चलाउने
ठेलामा तरकारी बेच्ने,
सडकमा साग बेच्ने ,
सिमेन्टमा बेल्चा चलाउने ,
खेतमा पसिना बगाउने ,
कारखानामा फलाम उचाल्ने,
ती भूइँमान्छेहरु
फेरि पनि अपमान, तिरस्कार र
अपहेलनाको सिकार बनी रहँदा
अल्प ज्ञानीहरूको एकोहोरो रटानले
मुलुक ऐठनमा परेको म कसरी हेरौं?
मुलुक पीडाले छट्पटाइ रहँदा
म केही भएकै छैन जसरी
निस्फिक्री
हे शहीद! श्वास कसरी फेरौं

## कविता

# म कवि बन्छु

***



**स्मृति कुमारी माली**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

कवि बन्न निरन्तर प्रयास गरिरहेको छु
हरेक बाधा र समस्यासँग जुधिरहेको छु
पढ्ने र लेख्ने बराबर गर्छु
त्यही लेखाइलाई कविता बनाउँछु।

निन्द्रा र आलस्य हटाएर
शब्दलाई लयमा सजाएर
साँझ बिहान निरन्तर लाग्छु
म त अवश्य भविष्यमा कवि बन्छु।

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. 'लिफ कोलिसन' (LEAF Coalition) र नेपालको कार्बन व्यापार सम्बन्धमा देहायका कथन विचार गरी सही विकल्प रोज्नुहोस्:**

(I)नेपाल कार्बन व्यापारको औपचारिक सम्झौता गर्ने एसियाकै दोस्रो मुलुक हो।
(II) यो सम्झौता सन् २०२६ जनवरी २३ मा भएको हो ।
(III) यस सम्झौताबाट नेपालले सुरुवाती चरणमा करिब ५५ लाख अमेरिकी डलर प्राप्त गर्नेछ ।
(IV) नेपालले भविष्यमा ९६ लाख डलरसम्म जलवायु वित्त भित्र्याउने लक्ष्य राखेको छ।
A) I र II मात्र सही
B) I, II र III मात्र सही
C) II, III र IV मात्र सही
D) माथिका सबै सही
**उत्तर: C) II, III र IV मात्र सही**

**कार्बन व्यापारमा नेपाल एसियामै पहिलो: 'लिफ कोलिसन' सँग ऐतिहासिक सम्झौता**

- ❖ सम्झौता कहिले भयो ? : सन् २०२६ जनवरी २३ ( वि.सं. २०८२ माघ ९ )
- ❖ सम्झौताको नाम: 'लिफ कोलिसन' (LEAF Coalition) सँग सम्झौता
- ❖ 'लिफ कोलिसन' (LEAF Coalition) के हो ? : यो उष्णप्रदेशीय र उपोष्णप्रदेशीय वनहरूको संरक्षण गरी कार्बन उत्सर्जन घटाउन स्थापित एक विश्वव्यापी सार्वजनिक-निजी साझेदारी पहल हो ।
- ❖ पूरा रूप: Lowering Emissions by Accelerating Forest finance (LEAF)
- ❖ सञ्चालक: यसलाई अमेरिकास्थित 'इमरजेन्ट' (Emergent) नामक गैर-नाफामूलक संस्थाले व्यवस्थापन र सञ्चालन गर्दछ ।
- ❖ नेपाल वन पैदावरमार्फत औपचारिक रूपमा कार्बन व्यापार सुरु गर्ने र लाभ लिने एसियाकै पहिलो मुलुक बनेको छ ।
- ❖ यस सम्झौतामार्फत नेपालमा कम्तीमा ५५ लाख अमेरिकी डलर (करिब ७३ करोड रुपैयाँ) जलवायु वित्त भित्रिने निश्चित भएको छ ।
- ❖ नेपालको कुल ४६ प्रतिशत वन पैदावरमा संरक्षित कार्बनलाई यस व्यापारमा समेटिएको छ ।
- ❖ नेपालले आफ्नो तेस्रो राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) मा उल्लेख गरे अनुसार ४ लाख टन कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता बापत यो रकम प्राप्त गर्न लागेको हो ।
- ❖ नेपाल समुदाय र निजी क्षेत्रलाई समेत कार्बन व्यापारको लाभ उपलब्ध गराउने पहिलो सरकार बनेको छ ।

**२. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको नेपालको सार्वजनिक ऋणका सम्बन्धमा कुन कथन गलत छ?**

A) नेपालको कुल सार्वजनिक ऋण २८ खर्ब ६ अर्ब ३९ करोड पुगेको छ।
B) कुल ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशत रहेको छ।
C) आन्तरिक ऋणको अनुपात कुल गार्हस्थ्य उत्पादन (GDP) को २४.३५ प्रतिशत छ।
D) कुल ऋण जीडीपीको ४५.९५ प्रतिशत बराबर छ।
**उत्तर: C) आन्तरिक ऋणको अनुपात कुल गार्हस्थ्य उत्पादन (GDP) को २४.३५ प्रतिशत छ।**
(नोट: आन्तरिक ऋणको अनुपात २१.६०% हो भने बाह्य ऋणको २४.३५% हो)

**३. नेपाल र साउदी अरबबिच वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने उद्देश्यले श्रम सम्झौतामा कहिले हस्ताक्षर भयो?**

A) सन् २०२६ जनवरी १०
B) सन् २०२६ जनवरी २५
C) सन् २०२६ फेब्रुअरी ०१
D) सन् २०२६ जनवरी १५
**उत्तर: B) सन् २०२६ जनवरी २५**

**नेपाल र साउदी अरब बिच द्विपक्षीय श्रम सम्झौता**

- ❖ कहिले हस्ताक्षर भएको हो ? : सन् २०२६ को जनवरी २५ (वि.सं. २०८२ माघ ११ गते)
- ❖ यससँगै नेपालले श्रम सम्झौता गरेका देशको संख्या १३ पुगेको छ ।
- ❖ श्रम सम्झौता गर्ने स्वीकृति प्रदान कहिले गरिएको: वि.सं. २०८२ भदौ १३
- ❖ क-कसले हस्ताक्षर गरेका: नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्र सिंह भण्डारी र साउदी अरब सरकारका तर्फबाट मानव संशाधन तथा सामाजिक विकास मन्त्री अहमद बिन सुलेमान अलराजीले ।
- ❖ सम्झौताको महत्व: साउदी अरबमा कार्यरत नेपाली श्रमिकहरूको हकहित संरक्षण र रोजगार सुरक्षामा महत्वपूर्ण साउदी अरबमा कार्यरत नेपाली श्रमिकहरूको हकहित संरक्षण र रे योगदान पुर्‍याउने ।

**नेपालसँग श्रम सम्झौता कायम भएका पछिल्लो राष्ट्र :**

| कति औं | राष्ट्र | सम्झौता कहिले भएको ? |
|---|---|---|
| पहिलो | कतार | सन् २००५ मार्च २१ |
| दोस्रो | दक्षिण कोरिया | सन् २००६ जुलाई २३ |
| तेस्रो | बहराइन | सन् २००८ अप्रिल २९ |
| चौथो | जोर्डन | सन् २०१७ अक्टोबर १७ |
| पाँचौं | मलेसिया | सन् २०१८ अक्टोबर २९ |
| छैठौं | जापान | सन् २०१९ मार्च २५ |
| सातौं | मौरिसस | सन् २०१९ जून ११ |
| आठौं | यूएई | सन् २०१९ जून १४ |
| नौ | ईजरायल | सन् २०२० सेप्टेम्बर ३० |
| दशौं | बेलायत | सन् २०२२ अगस्ट २२ |
| ११ औं | रोमानिया | सन् २०२३ अक्टोबर ६ |
| १२ औं | जर्मनी | सन् २०२३ अक्टोबर १० |
| १३ औं | साउदी अरब | सन् २०२६ जनवरी २५ |

**४. 'ग्लोबल एआई अडप्सन २०२५' प्रतिवेदनका आधारमा सही विकल्प छनौट गर्नुहोस्:**

(I) एआई प्रयोगमा नेपाल १४७ देशमध्ये ९० औं स्थानमा छ ।
(II) नेपालको कामकाजी जनसङ्ख्याको करिब १३% ले एआई प्रयोग गर्छन् ।
(III) विश्वमा एआई प्रयोगमा संयुक्त अरब इमिरेट्स (UAE) प्रथम स्थानमा छ ।
A) कथन I र II मात्र सही
B) कथन II र III मात्र सही
C) सबै कथन सही छन्
D) कुनै पनि सही छैनन्
**उत्तर: B) कथन II र III मात्र सही**

**एआई (AI) प्रयोगमा नेपाल विश्वको ७६ औं स्थानमा: प्रतिवेदन २०२५**

- ❖ प्रतिवेदनको नाम: 'ग्लोबल एआई अडप्सन इन २०२५: अ वाइडेनिङ डिजिटल डिभाइड' (Global AI Adoption in 2025: A Widening Digital Divide)
- ❖ सार्वजनिक गर्ने संस्था: माइक्रोसफ्ट (एआई इकोनोमी इन्स्टिच्युट)
- ❖ नेपालको स्थान: ७६ औं (कूल १४७ देशहरूमध्ये)
- ❖ नेपालको प्रयोग दर: कामकाजी उमेरको करिब १३ प्रतिशत जनसंख्या
- ❖ विश्वकै अग्रणी देश/पहिलो स्थानमा : संयुक्त अरब इमिरेट्स (UAE) (६४ प्रतिशत प्रयोग दर)
- ❖ अन्तिम स्थान: कम्बोडिया (५.१ प्रतिशत)

**छिमेकी र प्रमुख देशहरूको तुलनात्मक अवस्था:**

- ❖ संयुक्त राज्य अमेरिका: २४ औं स्थान (२८.३%)
- ❖ चीन: ६१ औं स्थान (१६.३%)
- ❖ भारत: ६४ औं स्थान (१५.७%)
- ❖ नेपाल: ७६ औं स्थान (१३%)

**५. स्वचालित मार्ग (Automatic Route) बाट विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धी कुन तथ्य सही छ?**

A) सरकारले विसं २०८२ माघ ८ मा अधिकतम सीमा हटाउने निर्णय गर्‍यो।
B) यसअघि अटोमेटिक रुटबाट ५० करोडसम्म मात्र लगानी गर्न मिल्थ्यो।
C) यो प्रणाली नेपालमा विसं २०८१ वैशाखदेखि कार्यान्वयनमा आएको हो।
D) माथिका सबै सही छन् ।
**उत्तर: D) माथिका सबै सही छन् ।**

**प्रत्यक्ष विदेशी लगानी (FDI) मा ठूलो सुधार: स्वचालित मार्गको सीमा हट्यो**

- ❖ मन्त्रिपरिषद्को निर्णय मिति: २०८२ माघ ८ गते।
- ❖ खारेज भएको सीमा: स्वचालित मार्ग (Automatic Route) बाट आउने लगानीको ५० करोड रुपैयाँको माथिल्लो सीमा।
- ❖ प्रमुख परिवर्तन: अब जुनसुकै रकमको विदेशी लगानी स्वचालित मार्गबाट स्वीकृत हुन सक्ने।
- ❖ जिम्मेवार निकाय: उद्योग विभाग (यसअघि ६ अर्बभन्दा माथिको लगानी लगानी बोर्डले हेर्ने गर्दथ्यो)।
- ❖ विद्युतीय प्रणाली (IMIS): लगानीकर्ताले अनलाइनमार्फत कागजात पेश गर्नासाथ इमेलमै स्वीकृति पत्र प्राप्त गर्ने व्यवस्था।
- ❖ क्षेत्रहरू: ऊर्जामूलक, कृषि, पूर्वाधार, पर्यटन, सूचना प्रविधि, सेवामूलक र उत्पादनमूलक उद्योगहरू।

**६. काठमाडौं महानगरपालिकाले ७० वर्ष नाघेका नागरिकलाई घरमै पुगेर स्वास्थ्य सेवा दिने कार्य कहिलेदेखि सुरु गर्‍यो?**

A) २०८२ पुस
B) २०८२ माघ
C) २०८२ फागुन
D) २०८२ मङ्सिर
**उत्तर: B) २०८२ माघ**

**काठमाडौं महानगरद्वारा ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई 'घरदैलो स्वास्थ्य सेवा'**

- ❖ लक्षित समूह: ७० वर्ष माथिका ज्येष्ठ नागरिक, दीर्घ रोगी र अशक्तहरू।
- ❖ कार्यक्षेत्र: काठमाडौं महानगरपालिकाका ३२ वटै वडा।
- ❖ सुरुवात: वि.सं. २०८२ माघ महिनादेखि।
- ❖ स्वास्थ्य जनशक्ति: महानगरका ३२ वटै सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत स्टाफ नर्सहरू।
- ❖ सेवाको प्रकृति: शारीरिक तथा मानसिक स्वास्थ्य रिपोर्ट तयार गर्ने, उच्च रक्तचाप र मधुमेह जस्ता सामान्य परीक्षण गर्ने र आवश्यकता परेमा चिकित्सकद्वारा घरमै उपचार गर्ने।
- ❖ लाभान्वित संख्या: महानगरभित्र रहेका करिब २३ हजार ज्येष्ठ नागरिक।

**७. सन् २०२६ जनवरी १ देखि कार्यकाल सुरु हुने गरी सुरक्षा परिषद्को अस्थायी सदस्यमा नचुनिएको देश कुन हो?**

A) बहराइन
B) कङ्गो
C) लाटभिया
D) जापान
उत्तर: D) जापान (चुनिएका ५ देश: बहराइन, कङ्गो, लाइबेरिया, कोलम्बिया र लाटभिया)

**८. ७४ औं विश्व भन्सार दिवस (२०२६) का बारेमा कुन भनाइ सत्य छ?**

(I) यो दिवस जनवरी २६ मा मनाइन्छ।
(II) २०२६ को नारा 'कस्टम प्रोटेक्टिङ सोसाइटी थ्रु भिजिल्यान्स एन्ड कमिटमेन्ट' रहेको छ ।
A) कथन I मात्र सही
B) कथन II मात्र सही
C) दुवै कथन सही
D) दुवै कथन गलत
उत्तर: C) दुवै कथन सही

**९. विसं २०८२ मा मनाइएको ६४ औं राष्ट्रिय नर्सिङ्ग दिवसको मुख्य नारा के थियो?**

A) नर्सको सम्मान: स्वास्थ्य क्षेत्रको पहिचान
B) आजको आवश्यकता: नर्सलाई सुरक्षित र सम्मानजनक कार्य व्यवस्था
C) सुरक्षित र मर्यादित नर्सिङ पेसा: जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा
D) गुणस्तरीय नर्सिङ सेवा: स्वस्थ नागरिकको आधार
उत्तर: C) सुरक्षित र मर्यादित नर्सिङ पेसा: जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा

**६४ औं राष्ट्रिय नर्सिङ्ग दिवस २०८२**

- ❖ हरेक वर्षको माघ १५ मा राष्ट्रिय नर्सिङ्ग दिवस मनाउने गरिन्छ।
- ❖ वि.सं. २०८२ को नारा : "सुरक्षीत र मर्यादित नर्सिङ पेशा जनतालाई गुणस्तरीय स्वास्थ सेवा"
- ❖ वि.सं. २०८१ को नारा : 'आजको आवश्यक्ता नर्सलाई सुरक्षित र सम्मानजनक कार्य व्यवस्था'
- ❖ वि सं. २०१८ सालमा नेपाल नर्सिङ सङ्घको स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष माघ १५ गते नेपालमा राष्ट्रिय नर्सिङ दिवस मनाउँदै आइएको छ ।

# बर्दिवासका २४ विद्यार्थीलाई छात्रवृत्ति प्रदान



**द पब्लिक टुडे समाचारदाता**
**बर्दिबास, माघ १६ गते ।**
महोत्तरीको बर्दिबासस्थित पदम शम्सेर खड्का स्मृति प्रतिष्ठानद्वारा २४ जना विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको छ । शुक्रबार प्रतिष्ठानले यसवर्षका लागि पहिलो र दोस्रो चरणको परीक्षा उत्तीर्ण विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको हो ।

बर्दिवासस्थित विनायक व्याङ्कुटमा प्रतिष्ठानद्वारा आयोजित छात्रवृत्ति वितरण कार्यक्रममा विद्यार्थीहरूले विद्यालयको शुल्क विवरणसहित अभिभावकसँग उपस्थित भई छात्रवृत्ति प्राप्त गरेका थिए ।

यस वर्ष कुल २४ जना विद्यार्थीले बैंक चेकमार्फत छात्रवृत्ति पाएको प्रतिष्ठानले जनाएको छ ।

छात्रवृति रकम प्रदान गर्दै प्रतिष्ठानका अध्यक्ष बिष्णु खड्काले आफ्नो विगतको संघर्ष र पारिवारिक प्रेरणाबाट प्रतिष्ठान स्थापना भएको कथा सुनाउँदै विद्यार्थीहरूलाई मार्गदर्शन गरे । उनले विद्यालय र विद्यार्थीहरूको पारदर्शी छनोट प्रक्रियाबारे जानकारी दिँदै प्रतिष्ठानले घर-घर पुगेर, छिमेकीहरूसँग सोधपुछ गरेर मात्र वास्तविक आर्थिक र शैक्षिक अवस्था बुझेर छात्रवृत्ति वितरण गर्दै आएको उल्लेख गरे ।

उनका अनुसार हालसम्म ५७ जना विद्यार्थीले लाभ लिइसकेका छन् भने यस वर्ष २४ जना नयाँ विद्यार्थी थपिएका छन् ।

यसपटक आर्थिक अवस्था कमजोर विद्यार्थी मात्र नभई उत्कृष्ट नतिजा ल्याउने दुई विद्यार्थीलाई पनि पुरस्कार प्रदान गरिएको थियो ।

विद्यार्थीहरूलाई अनुशासन र पढाइमा गम्भीर हुन जोड दिँदै अध्यक्ष खड्काले भने, 'यो रकम अत्यन्त मेहनतले कमाइएको हो, त्यसैले यसको सदुपयोग अनिवार्य छ । यदि कुनै विद्यार्थी अनुशासनहीन भए वा पढाइ छाडेमा लगानी अभिभावकबाट फिर्ता लिइने छ ।'

अध्यक्ष खड्काले भविष्यमा पनि प्रतिष्ठान जेहेनदार विद्यार्थीहरूको सहयोगमा तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्दै छात्रवृत्ति वितरण निरन्तरता पाउने विद्यार्थीहरूलाई विद्यालयको मार्कसिटको आधारमा मात्र थप लगानी हुने जानकारी दिए ।

साथै कुनै अन्याय वा समस्या परेमा प्रतिष्ठानका सदस्य वा फेसबुक पेजमार्फत जानकारी लिन आग्रह समेत गरे ।

बर्दिवास नगरपालिकाका शिक्षा शाखाका प्रमुख रेवती पराजुलीको प्रमुख आतिथ्यमा आयोजित छात्रवृति प्रदान कार्यक्रममा प्रतिष्ठानका सदस्य दीपक बराल, विद्यार्थी, अभिभावक, सञ्चारकर्मीलगायतको उपस्थिती रहेको थियो ।

# शहीदलाई स्मरण गर्दै प्रलेसले मनायो स्थापना दिवस

**नारायण घिमिरे**
**बर्दिबास, माघ १६ गते ।**
प्रगतिशील लेखक सङ्घ नेपाल महोत्तरीले शहीदलाई स्मरण गर्दै आफ्नो २१औं स्थापना दिवस मनाएको छ । प्रलेस महोत्तरीका अध्यक्ष रामचन्द्र पौडेल (विपुल विद्रोही) को अध्यक्षता तथा राष्ट्रिय सभाका पूर्व उपाध्यक्ष तथा प्रलेस महोत्तरीका संस्थापक अध्यक्ष शशिकला दाहालको प्रमुख आतिथ्यतामा शुक्रबार संघले बर्दिबासमा २१औं स्थापना दिवस तथा शहीद स्मृति कार्यक्रम सम्पन्न गरेको हो ।




प्रलेस महोत्तरीका सचिव नारद प्रसाद काफ्लेले सञ्चालन गरेको कार्यक्रममा शहीद विशेष तथा समसामयिक कविता, गीत, मुक्तक वाचन गरिएका थिए । विदुषी अर्याल, फुलगेन मगही, नानी राम दहाल, भिम कुमार राउत, रुद्रसेन विश्वकर्मा, जीवनस्पर्शी, अग्नि कवच, नारायण घिमिरे, यशोदा श्रेष्ठ, सुदर्शन भट्टराई, विश्वास अभियान, विपुल विद्रोही लगायतले आ-आफ्नो रचना वाचन गरेका थिए । कार्यक्रममा अतिथि भिम कुमार राउतले शहीदले देखाएको बाटोमा यहाँको सरकारले काम गर्न नसकेकाले जनता स्वयं चनाखो हुनुपर्ने धारणा राखे । यसैगरी प्रलेस मधेश प्रदेश अध्यक्ष नारायण घिमिरे, जीवनस्पर्शी ,प्रेम घिमिरेले आजको बदलिँदो परिस्थितिमा शहीदप्रति उच्च सम्मान गर्दै समाज विकासमा लाग्नुपर्ने बताए । यस्तै प्रमुख अतिथि शशिकला दाहालले प्रलेस नेपाल महोत्तरीले आफ्नो स्थापना दिवस विशेष शहीद स्मृति दिवस मनाउन थालिएकोप्रति आफू हर्षित भएको जानकारी गराइन् । २०६२ साल माघ १६ गते तदर्थ समिति गठन गरेको यो संस्थाले २० वर्ष पूरा गरेको सन्दर्भमा आयोजित कार्यक्रमले भोलिका दिनमा निरन्तरता पाउनेमा उनले विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा प्रलेस मधेश प्रदेश उपाध्यक्ष रुद्रसेन विश्वकर्मा, कोषाध्यक्ष फुलगेन मगही, बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष यशोदा श्रेष्ठ, बुढ्यौली साहित्य समाज धनुषा अध्यक्ष नानीराम दहाल, बुढ्यौली साहित्य समाज महोत्तरी सचिव सुदर्शन भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# छ महिनामा १८ अर्बका सवारीसाधन आयात

**वीरगञ्ज, माघ १६ गते ।**
वीरगञ्ज भन्सार हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू १८ अर्ब १५ करोड मूल्य बराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात गरिएको छ ।

गत वर्षको सोही अवधिको तुलनामा चालु आवमा छ अर्ब बढी मूल्यको सवारीसाधन र सवारीसाधनका पार्टपुर्जा आयात गरिएका हुन् ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत वर्षको तुलनामा सवारीसाधनको आयात ह्वात्तै बढेको बताए । चालु आवको छ महिनामा सवारीसाधन आयातबाट मात्रै १३ अर्ब ९८ करोड राजस्व सङ्कलन भएको छ ।



जबकी गत आवको सोही अवधिमा १२ अर्ब ७७ करोडको सवारीसाधन भित्रिदा १० अर्ब २१ करोड राजस्व सङ्कलन भएको थियो । वीरगञ्ज नाका हुँदै चालु आवको छ महिनामा ९३ करोड मूल्यका ४३४ वटा जीप, कार र भ्यान आयात भएका छन् । त्यसैगरी चार अर्ब ५६ करोड मूल्यका ३२ हजार ३३१ वटा मोटरसाइकल अन एसेम्बल्ड आयात भएको छ । एक अर्ब छ करोड मूल्य पर्ने ३८० वटा ट्रक, मिनी ट्रक आयात भएको छ ।

त्यसैगरी एक अर्ब २३ करोड मूल्य पर्ने १० हजार ७९७ वटा ट्याक्टर तथा ट्रिलर आयात भएको छ । एक अर्ब ३६ करोड मूल्य पर्ने ४५६ वटा विद्युतीय जीप, कार र भ्यानहरु आयात भएको छ । रासस

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(ान ९ बजेदेखि साँझ ५ बजेसम्म
हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
२४ सैं घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको समेत व्यवस्था भएको
विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री